# काठेखोला गाउँपालिका

## आ.व.२०८०/०८१

## १३ औं गाउँसभा

# वजेट बक्तब्य

**काठेखोला गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

बिहुँकोट, बागलुङ

# काठेखोला गाउँपालिका
# आ.व.२०८०/०८१ को

# १३ औं गाउँसभा

## उपाध्यक्ष श्री तेज बहादुर थापाज्युद्धारा प्रस्तुत

---

# बजेट वक्तव्य

१३ औं गाउँसभाका अध्यक्ष ज्यु, उपस्थित गाउँसभा सदस्यहरु, कर्मचारी, पत्रकार एवम सामाजिक सञ्जाल मार्फत हामीलाई प्रत्यक्ष सुनिरहनु भएका आमाबुवा दाजुभाई तथा दिदीबहिनीहरु सबैमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।

हामी यतिवेला काठेखोला गाउँपालिकाको गरिमामय १३ औं गाउँसभामा छौ । नीति कार्यक्रम तथा बजेट निर्माणको यति महत्वपुर्ण अवसरमा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तका लागि भएका नेपालको लोकतान्त्रिक आन्दोलन, संघर्ष, परिवर्तन, क्रान्ति, सामाजिक तथा मुक्ति आन्दोलन र गणतन्त्र स्थापनाको खातिर २०६२/०६३ को जनआन्दोलनमा आफ्नो जीवनको प्राण आहुति गर्नुहुने महान सहिदहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै जनआन्दोलनका घाईतेहरु प्रति पनि उत्तिकै सम्मान ब्यक्त गर्दै सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । अग्रगामी परिवर्तनका आन्दोलनहरुमा नेतृत्वदायी भुमिका निर्वाह गर्नुहुने लोकतान्त्रिक योद्धा, राजनैतिक एवम सामाजिक अगुवा, अग्रज नेता एवम नेतृत्वहरु र साथ सहयोग प्रदान गर्नुहुने सम्पुर्ण नागरिकहरु प्रति पनि हार्दिक सम्मान प्रकट गर्दछु ।

काठेखोला गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय १३ औं गाउँसभामा आ.व.२०८०/०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म आफु निकै गौरवान्बित भएको महसुस गरेको छु । काठेखोला गाउँपालिकाले हालसम्म गरेका अनुभव र उपलब्धिहरुलाई संस्थागत गर्दै दिगो विकास, शान्ति, सुशासन, परिवर्तन र समृद्धिको आकांक्षाहरुलाई संवोधन गर्ने मुल ध्येयका साथ यो बजेट तथा कार्यक्रम निर्माण गरिएको छ ।

हाम्रो संविधानले परिकल्पना गरेको गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट गाउँपालिकाको विकास, परिवर्तन र समृद्धि हासिल गर्न उपलब्ध श्रोत साधनलाई बढि भन्दा बढि प्रयोग गरि नागरिकहरुको हित अभिवृद्धि गर्दै सामाजिक न्यायमा आधारित समाजबाद उन्मुख अर्थतन्त्र एवम शिक्षित, सक्षम र आर्थिक एवम सामाजिक रुपमा हरेक कुराले सुविधा सम्पन्न नागरिक बनाउने हाम्रो अठोटलाई साकार रुप दिन सहयोग पुग्ने गरि यो बजेट तर्जुमा गरेको छु ।

काठेखोला गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को बजेट तर्जुमा गर्दा मैले काठेखोला गाउँपालिकाले यो बर्षसम्म हाँसिल भएका उपलब्धीहरु संस्थागत गर्दै जनप्रतिनिधिमुलक लोकतान्त्रिक पद्धतिबाट हाम्रा नागरिकहरुले सेवा, विकास र रुपान्तरित समतामुलक समाजको निर्माण गर्ने

प्रणालीबाट निर्देशित हुदै समाजबाद उन्मुख राष्ट्र सहितको नमुना गाउँपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु ।

कोभिड १९ को महामारीबाट थलिएर केही सुधार हुन लागेको नेपाली अर्थतन्त्र विस्तारै समाधानउन्मुख हुदै गहिरहेको वर्तमान सन्दर्भमा गाउँपालिकाको दिगो विकास र प्रतिस्पधात्मक क्षमता अभिवृद्धिका लागि बजेट विनियोजनलाई उत्पादनमुलक, रोजगारी बृद्धि र थप राजस्व प्राप्त हुने क्षेत्रमा केन्द्रित गर्दै करको दर भन्दा दायरा विस्तारलाई बढि भन्दा बढि जोड दिएको छु ।

आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, ऐन, कानुन, निती नियम, संघिय सरकार र प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट बक्तब्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठेखोला गाउँपालिकाको अध्यक्ष ज्युद्वारा प्रस्तुत नीति तथा कार्यक्रम, बिनियोजन बिधेयक-२०८० र आर्थिक बिध्येक-२०८० का सिद्धान्त र प्राथमिकता, स्थानीय राजनैतिक पार्टी, सामाजिक अगुवाहरुले दिनुभएको रचनात्मक सल्लाह, सुझाव एवम सार्वजनिक सुनुवाई एवम विभिन्न समयमा काठेखोलाबासी जनता र सञ्चार माध्यमहरुबाट प्राप्त भएका सुधारका माग समेतलाई मुख्य आधार बनाएको छु ।

बजेट निर्माणको क्रममा विषयगत समिति, राजस्व परामर्श समितिले दिएको सुझावलाई आत्मसाथ गर्दै श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले दिएको सिमाभित्र रही बजेट तथा कार्यक्रम तर्जुमा समितिमा आय तथा खर्चको सिमा निर्धारण गरि सो बैठकलाई समेत मध्यनजर गरि उक्त समितिले स्विकृत गरेको बजेट तथा कार्यक्रम समेत समावेश गरेको छु । साथै बिषयगत बिविध कानुनहरु, गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु तथा दिगो विकास लक्ष्यलाई  पनि मुख्य आधार बनाएको छु ।

गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही मौलिक हक र कर्तब्य सम्बन्धी संवैधानिक ब्यवस्थाको कार्यन्वयन गर्न काठेखोला गाउँपालिका सदा प्रतिबद्ध छ । काठेखोला गाउँपालिका जनभावना, जनआकांक्षा र आवस्यकताको आधारमा नागरिकको जीवनस्तरमा ब्यापक सुधार ल्याउन, विकास, परिवर्तन र समृद्धिको अपेक्षा पुरा गर्न दृढ संकल्पका साथ अगाडि बढिरहेको छ ।

प्राकृतिक सुन्दरता सहितको भौगोलिक बिविधता, बहुजातिय, बहुधार्मिक र बहुसांस्कृतिक बिशेषतायुक्त यस काठेखोला गाउँपालिकालाई सद्भाव र सह-अस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसंस्कृत समाज निर्माण गर्दै नमुना गाउँपालिका रुपमा विकास गर्ने पहिलो र मुख्य संकल्पका साथ पहिचान युक्त र विकास, परिवर्तन र समृद्धि सहितको काठेखोला गाउँपालिका निर्माण गर्न सदा प्रतिवद्ध छ । काठेखोलाबासी जनताको चाहाना, बिकास प्रतिको मोह र परिवर्तन प्रतिको आकांक्षालाई पुरा गर्न अनि जनताको सेवा प्रवाहमा सहजता र सरलता प्रदान गर्न काठेखोला गाउँपालिका प्रयासरत छ ।

जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थापित हरेक नागरिकहरुको घरदैलोमा पुगेर सेवा प्रवाह गर्ने आधारस्तम्भको रुपमा रहेको स्थानीय सरकारलाई अझ जनमैत्री र प्रभावकारी सेवा प्रवाह गर्न हामी सदा प्रतिबद्ध छौ ।

आगामी आर्थिक बर्षको बजेट जनतालाई कसरी अधिकार सम्पन्न गराउन सकिन्छ, जनतालाई कसरी आर्थीक समृद्धितिर उन्मुख गराउन सकिन्छ, हाम्रा विकासले जनतालाई कसरी सहजता प्रदान गर्न सकिन्छ अनि कसरी सामाजिक परिवर्तन र रुपान्तरणको दिशामा डोर्याउन सकिन्छ त्यतातिर केन्द्रित गरि निर्माण गरिएको छ साथै राज्य र विकासको मुल प्रवाहबाट पछाडी परेका लक्षितबर्ग

दलित, महिला, जनजाति, अपांग, बालबालिका र जेष्ठनागरिकहरुको आर्थिक एवम सामाजिक शसक्तिकरणका लागि बिशेष जोड दिई सोही अनुसारको बजेट निर्माण गरेको छु।

संघ, प्रदेश र स्थानीय तह बिचको सहकार्य, सहअस्तित्व र समन्वयलाई अवलम्बन गर्दै जनसहभागीता, उत्तरदायित्व, पारर्दशिता सुनिस्चित गरि जनतालाई सुलभ र गुणस्तरिय सेवा प्रवाह गरि यतिवेला सिहंदरबार गाउँमै आएको जनतालाई आभाष दिलाउनु पर्ने अवसर, दायित्व र चुनौति हामी माझ आएको छ।

नेपालको संविधानले परिकल्पना गरे अनुसार गणतन्त्रात्मक शासन प्रणालीद्धारा लोकतान्त्रिक समाजबाद स्थापनार्थ नेपाल सरकारले लिइएको हरेक कार्यक्रमलाई साकार पार्न यस गाउंपालिका प्रतिवद्ध रहदै गाउँपालिकाको समग्र विकास र गाउंपालिकाबासी नागरिकहरुको हक हित र अधिकारको रक्षा गर्न प्रतिवद्ध छ। गाउंपालिकाको अधिकार क्षेत्रभित्र रही मौलिक हक र कर्तब्य सम्बन्धी संवैधानिक ब्यवस्थाको कार्यन्वयन गर्न काठेखोला गाउंपालिका सदा प्रतिबद्ध छ । काठेखोला गाउँपालिका जनभावना, जनआकांक्षा र आवस्यकताको आधारमा नागरिकको जीवनस्तरमा सुधार ल्याइ विकास, परिवर्तन र समृद्धिको अपेक्षा पुरा गर्न दृढ संकल्पका साथ अगाडि बढ्ने छ।

विकास, परिवर्तन र समृद्धिले सुसज्जित ***हाम्रो गाउँपालिका, राम्रो गाउँपालिका*** निर्माणको यो अभियानमा काठेखोला गाउंपालिकाका हरेक नागरिकहरुको साथ, सहयोग र ऐक्यबद्धताका लागि हार्दिक अपिल समेत गर्दछु।

*अध्यक्ष महोदय, एवम उपस्थित गाउँसभा सदस्य ज्युहरु।*

अव म आगामी आर्थिक बर्ष २०८०/०८१ को बजेटका केही उद्धेश्यहरु सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- स्वरोजगारका लागि पर्यटन विकास तथा प्रवर्द्धन, आन्तरिक कृषि उत्पादन लगायतका विभिन्न सीप विकास कार्यक्रम मार्फत यस काठेखोला गाउँपालिकाको आर्थिक विकास गर्ने।
- अर्थतन्त्रलाई चलायमान र गतिशिल तुल्याउन उत्पादन र उत्पादकत्वमा जोड दिदै गाउँपालिकाको आर्थिक विकासका समग्र क्षेत्रहरु विच गतिशिल अन्तरसम्वन्ध कायम गर्ने।
- उपलब्ध श्रोत र साधनको सन्तुलित समन्यायिक वितरणको माध्यमबाट समानुपातिक विकास हासिल गर्ने।
- स्थानीय सरकारबाट प्रवाह हुने सेवालाई छिटो छरिटो सहज, सुलभ र प्रविधिमैत्री बनाई जन विश्वास हासिल गर्ने।
- गाउँपालिकाबाट प्रदान हुने विकास र सेवा प्रवाहमा समानुपातिक, समावेशी र न्यायोचित रुपमा वितरण गर्ने।
- सामाजिक समावेशीको नीति अवलम्वन गर्दै लक्षित समुदायका बर्गहरुलाई आर्थिक एवम सामाजिक शसक्तिकरणको माध्यमबाट शसक्तिकरण गरि विकासको मुल प्रवाहमा समाहित गर्ने।
- भ्रष्टाचारमा शुन्य सहनशिलताको नीति अवलम्वन गर्दै, वित्तिय अनुसासन, पारदरर्शिता र उत्तरदायी शासकीय व्यवस्था मार्फत सुशासनको प्रवर्द्धन गर्ने।

*अब म आगामी आर्थिक बर्ष २०८०/०८१ को बजेट कार्यक्रमका प्राथमिकताका केही सुचीहरु सभामा प्रस्तुत गर्न चाहन्छु ।*

- कृषि उत्पादन र उत्पादकत्व अविबृद्धि तथा कृषि क्षेत्रमा व्यापक सुधार ।
- उद्यमशिलताको विकास, पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जना ।
- आत्मनिरर्भर सहितको सिप विकास कार्यक्रम ।
- स्वास्थ्य सेवाको सुदृद्धिकरण मार्फत स्वस्थ जीवनको सुनिश्चितता ।
- दिगो गुणस्तरीय भौतिक पुर्वाधार ।
- लक्षित समुदायको आर्थिक एवम सामाजिक शसक्तिकरण ।
- गुणस्तरीय शिक्षा र सामाजिक विकास मार्फत सुसंस्कृत समाज निर्माण ।
- सेवा प्रवाहमा नागरिकहरुको सहज पँहुच र सुशासन अभिवृद्धि ।
- नागरिकहरुको सुरक्षा तथा विपद व्यवस्थापन ।
- जलबायु परिवर्तन तथा वातावरिणीय सन्तुलन कायम ।

*अध्यक्ष महोदय, एवम गाउँसभा सदस्य ज्युहरु ।*

*अब म आगामी आर्थिक बर्ष २०८०/०८१ को बार्षिक बजेटमा संबोधन गरिएको बजेट कार्यक्रमहरुको केही सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।*

काठेखोला गाउँपालिकाको गाउँपालिका स्तरीय कार्यक्रम अन्तरगत बिभिन्न बिषयगत समितिहरु तर्फ १६ करोड ३५ लाख ३४ हजार रुपैयाँ विनियोजन गरेको छु ।

जस अन्तरगत .

- आर्थिक विकास तर्फ — रु. २ करोड ६३ लाख ५२ हजार
- पुर्वाधार विकास तर्फ — रु. ७ करोड ४३ लाख ९ हजार
- सामाजिक विकास तर्फ — रु. ४ करोड ६७ लाख २० हजार
- सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ — रु. ८९ लाख ८६ हजार
- वन, वातावरण तथा विपद ब्यवस्थापन तर्फ — रु. ७१ लाख ६७ हजार

गरि जम्मा १६ करोड ३५ लाख ३४ हजार रुपैयाँ बजेटको ब्यवस्था गरेको छु ।

*अब म आगामी आर्थिक बर्षमा काठेखोला गाउँपालिकाको विकास, परिवर्तन र समृद्धिका लागि केही योजना तथा कार्यक्रमहरु सभामा प्रस्तुत गर्न चाहन्छु ।*

- सवैको चासो, आवश्यकता र सबै नागरिकहरुले निकै महत्वका साथ लिइएको काठेखोला गाउँपालिकाको प्रशासकीय भवनका लागि आवश्यक पुर्वाधार निर्माण गर्न रु. १ करोड रुपैयाँ बजेट विनियोजन गरेको छु साथै संघ, प्रदेश र अन्य सरोकारवाला संस्थाको साझेदारीतामा गरिने साझेदारी योजना तथा कार्यक्रम सञ्चालनका लागि रु. २ करोड रुपैयाँ बजेट बिनियोजन गरेको छु ।
- काठेखोला गाउँपालिकाको गौरवको योजना अन्तरगत काठेखोला गाउँपालिका वडा नं. ६ बिहुँ सुलडाँडा, किम्वोट, चिरपानी, धरमदास हुदै ठुलढुंगा जोड्ने सडक स्तरोन्नतिका लागि रु. ५० लाख र सुलडाँडा लेखानी मोटरबाटो अन्तरगत भुंदीखोला सिरीमपाटा खण्डको सडक

स्तरोन्नतिको क्रमागत योजनाका लागि रु. २५ लाख गरि कुल रु.७५ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छु ।

- कृषि तथा पशुपालनको क्षेत्रमा हेफर प्रोजेक्ट नेपालसंग गरिदै आइएको **कृषि तथा पशु उद्यमशिलता विकास परियोजना** साझेदारी कार्यक्रम सञ्चालनका लागि रु. १ करोड रुपैयाँ बजेट बिनियोजन गरेको छु । यस कार्यक्रम मार्फत परियोजनाको साझेदारी कार्यक्रम सहित कृषकहरुलाई अनुदानमा मिनिटेलर हलो, कुटानी पिसानी मिल, च्याफ कटर, चेन स मिसिन र मल्टिक्रप थ्रेसर लगायतका कृषि उपकरण बितरणका लागि व्यवस्था मिलाएको छु ।
- काठेखोला गाउँपालिकाको दोश्रो अध्यक्षकप भलिबल एवम सांगीतिक प्रतियोगिता सञ्चालन संगै कला, संस्कृति तथा समग्र खेलकुद क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन, तालिम, प्रशिक्षण एवम कला, संस्कृति तथा खेलकुद विकासका लागि रु. २५ लाख रुपैयाँ बिनियोजन गरेको छु ।
- व्यवसायिक पशुपालन विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि रु. १० लाख रुपैया बजेट व्यवस्था गरेको छु ।
- परम्परागत कृषि प्रणालीलाई आधुनिकता र आयआर्जन तर्फ उन्मुख गराउदै नविनतम खेति प्रणालीको पहिचान गर्दै चिया, अलैची, टिमुर, आलु जस्ता नविनतम खेति प्रवर्द्धन र मौरी पालन कार्यक्रमका लागि रु. १९ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छु भने कृषि तथा पुर्वाधार पकेट कार्यक्रम सञ्चालनका लागि पनि आवश्यक वजेट बिनियोजन गरेको छु ।
- नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिकको अवधारणालाई आत्मसाथ गदै चालु आ.व.देखि नै सुरुवात गरिएको विद्यालय कर्मचारी एवम बालविकास सहजकर्ताहरुको तलव भत्ताका लागि यस बर्ष पनि ८६ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु भने अंग्रेजी भाषालाई सहयोग पुराउने गरि विद्यालयमा के.जी.कक्षा व्यवस्थापनका लागि आगामी बर्ष पनि रु. २० लाख रुपैयाँ बजेट व्यवस्था गरेको छु ।
- लक्षित बर्गको आर्थिक एवम सामाजिक शसक्तिकरणमा जोड दिदै महिला, दलित, जनजाति र जेष्ठनागरिक, अपांग र बालबालिकाहरुका लागि रु.२० लाखको दरले जम्मा रु. ८० लाख रुपैयाँ बजेट बिनियोजन गरेको छु ।
- काठेखोला गाउँपालिका वडा नं. ५ मा अवस्थित त्रिपुरेश्वर रामकोट मन्दिरको भौतिक पुर्वाधार एवम अन्य व्यवस्थापनका लागि रु.१५ लाख रुपैया बजेट व्यवस्था गरेको छु । साथै धार्मिक तथा परात्वातिक सम्पदा संरक्षणका लागि समेत बजेटको व्यवस्था गरेको छु ।
- काठेखोला गाउँपालिका र भि.एस.ओ.नेपालसंगको साझेरीमा सञ्चालन गरिएको सिकाई परियोजना कार्यक्रमलाई काठेखोला गाउँपालिकाका सम्पुर्ण विद्यालयहरुमा पुराउने गरि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- कृषि तथा पशुपालन क्षेत्रलाई थप व्यवस्थित बनाउदै हाम्रा हरेक नागरिकहरुलाई उत्पादन र उपार्जनमा जोड दिदै कृषि तथा पशुपालनका लागि ***उत्पादनमा आधारित (दुध तथा खसी बोका) अनुदान कार्यक्रम*** सञ्चालनका लागि रु.१० लाख रुपैयाँ बजेट बिनियोजन गरेको छु ।
- परम्परागत कृषि प्रणालीलाई यान्त्रीकरण गर्ने, पशु व्यवसायमा नस्ल सुधार, प्रकोप व्यवस्थापन, बेरोजगार तथा रोजगारी गुमाएकाहरुलाई रोजगारी सिर्जना गर्ने, विउ विजन बितरण, बाली कटानी, मिनिकिट वितरण गर्ने, पशुबिमा अभिमुखिकरण जस्ता कृषिजन्य कार्यक्रमलाई बिशेष प्राथमिकता दिई आवस्यक बजेटको व्यवस्था गरेको छु । त्यसैगरि कृषकहरुका लागि तालिम, प्रशिक्षण संगै पशुपंक्षिका लागि निशुल्क औषधी बितरण कार्यक्रमको लागि पनि उचित बजेटको व्यवस्था मिलाएको छु ।

- कृषक एवम आम नागरिकहरुको बढ्दो मागलाई ध्यानमा राखी बाँदर व्यवस्थापन गर्नका लागि पनि आवस्यक बजेटको प्रवन्ध मिलाएको छु ।
- कृषकहरुको उत्पादनलाई बजारसंग जोड्न अक्षेत्ते हाट बजार सञ्चालनका लागि आवस्यक बजेटको व्यवस्था गरेको छु ।
- कृषि पेशा प्रति आम नागरिकहरुको अभिरुची जागृत गराउन सफल कृषक सम्मान कार्यक्रमका लागि पनि आवस्यक बजेटको व्यवस्था मिलाएको छु । साथै माटो परिक्षण प्रयोगशाला मिनी ल्याव सञ्चालनका लागि पनि आवस्यक बजेटको व्यस्था गरेको छु ।
- सहकारी शिक्षा, अनुगमन र लेखा व्यवस्थापनका लागि आवस्यक बजेटको व्यवस्था मिलाएको छु । साथै व्यवहारिक र प्रभावकारी रुपमा सञ्चालनमा रहको लघुउद्यम कार्यक्रमका लागि रु. ७ लाख रुपैयाँ थप बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुको थप व्यवस्थापन एवम शैक्षिक सुधारका लागि चालु आ.व.देखि नै सञ्चालनमा रहेको ***अध्यक्षसंग शैक्षिक सुधार कार्यक्रम*** लाई निरन्तरता दिदै सो कार्यक्रमका लागि रु. २० लाख रुपैयाँ बजेट बिनियोजन गरेको छु । साथै बिद्यालयको सघन अनुगमन गर्ने कार्यलाई थप परिमार्जित गर्दै ***उपाध्यक्षसंग बिद्यालय सघन तथा नियमित, प्रविधिमैत्री अनुगमन कार्यक्रम*** का लागि १० लाख रुपैयाँ बजेट बिनियोजन गरेको छु ।
- सुत्केरी शिक्षिका विदा श्रोत भर्ना कार्यक्रम, पढदै कमाउदै प्रोत्साहन कार्यक्रम, विद्यालय स्वास्थ्य कार्यक्रम, पाठ्यक्रम प्रवद्धिकरण, लेखा व्यवस्थापन पुर्नताजगी तालिमका लागि आवस्यक वजेटको व्यवस्था गरेको छु ।
- कक्षा १ देखि ३ कक्षा सम्मको स्थानीय पाठ्यक्रम छपाई भई विद्यालयमा पुगी सकेको र पाठ्यपुस्तकका छपाईका लागि रु. १२ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छु ।
- बिद्यार्थीहरुका हरेक प्रतिभाहरुलाई प्रोत्साहन, उजागर एवम पहिचान गराउने उदेश्य राखि गाउँपालिका स्तरीय प्रतिभा पहिचान कार्यक्रम सञ्चालनका लागि उचित बजेटको व्यवस्था मिलाएको छु ।
- गुणस्तरीय शिक्षाका लागि अभिभावक सचेतना कार्यक्रम र खोज अनुसन्धान तथा प्रोत्साहन कार्यक्रमका लागि आवस्यक वजेट व्यवस्था गरेको छु ।
- लामो समयदेखि निर्माणाधिन अवस्थामा रहेको काठेखोला ३ स्थित निर्मल प्रा.वि.भवनको कार्य सम्पन्नको लागि रु. १० लाख रुपैया बजेट बिनियोजन गरेको छु । साथै अति आवस्यक रहेको विद्यालयको पुर्वाधार, मर्मत सम्भारको लागि आवस्यक बजेट व्यवस्था गरेको छु ।
- काठेखोला गाउँपालिका भित्रका विभिन्न क्षेत्रका ब्यक्तिहरुको साभा मञ्चको रुपमा काठेखोला मञ्च स्थापनाको लागि पनि आवस्यक बजेट व्यवस्था गरेको छु ।
- हाम्रो कार्यकाल भित्र काठेखोला गाउँपालिका भित्रका १००० घर परिवारलाई प्रत्यक्ष लाभ हुनेगरि बिपन्न नागरिकहरुका लागि निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनका लागि यस बर्ष रु.७ लाख रुपैयाँ बिनियोजन गरेको छु ।
- काठेखोला गाउँपालिका वडा नं.४ तंग्राम पेरिवाडमा सञ्चालित बालशिक्षा भवन निर्माणका लागि रु. ७ लाख रुपैयाँ बजेट व्यवस्था गरेको छु । साथै वालविकास सहजकर्ता र के जि शिक्षकहरुलाई आवस्यक तालिम र सामाग्रीका लागि आवस्यक वजेटको व्यवस्था गरेको छु ।
- हरेक विद्यालयहरुलाई उत्कृष्ट बिद्यालयको रुपमा विकास गर्ने अभिप्रायले गाउँपालिका भित्रका आवस्यक सुचक पुरा गरेका बिद्यालयलाई प्रोत्साहनका लागि आवस्यक बजेटको प्रवन्ध

मिलाएको छु । त्यसैगरि गाउँपालिका भित्र सञ्चालन भएका दुईवटा क्याम्पस श्री अमर क्याम्पस र भिमसेन क्याम्पसको व्यवस्थापनका लागि रु. ५ लाखको दरले रु. १० लाख रुपैया बिनियोजन गरेको छु ।

- हरेक मा.वि.मा स्काउट कार्यक्रम सञ्चालनका लागि आवस्यक बजेटको व्यवस्था मिलाएको छु ।
- टि पि एस कार्यक्रम र स्टीम ल्याव सञ्चालनका लागि आवस्यक वजेटको व्यवस्था गरेको छु । साथै अमर मा.वि.को नमुना मन्टेस्वरी कक्षा व्यवस्थापनका लागि रु. १० लाख रुपैयाँ बजेट व्यवस्था गरेको छु ।
- काठेखोला गाउँपालिका वडा नं. १ एकपातादेखि दोभिल्लासम्म र दोभिल्लादेखि सुलडाँडा सम्मको सडक स्तरोन्नतिका लागि रुं पाँच/पाँच लाखको रकम व्यवस्था गरेको छु । साथै विभिन्न वडामा रहेका आवस्यक सडकहरुको नयाँ सडक विस्तार, स्तरोन्नति र मर्मत सम्भारका लागि आवस्यक बजेटको व्यवस्था गरेको छु ।
- पछिल्लो समय आम नागरिकहरुको विचमा निकै लोकप्रिय बन्दै गहिरहेको पदमार्ग विस्तार लाई पर्यटकीय गन्तव्यसंग जोड्दै विभिन्न वडाहरुमा पदमार्ग निर्माण तथा विस्तारका लागि प्रदेश सरकार संग समन्वय गरि गाउँपालिकाको तर्फबाट पनि आवस्यक बजेट व्यवस्था गरेको छु ।
- आमा सुरक्षा कार्यक्रम अन्तगरत गर्भवति महिलाहरुका लागि पोषण कार्यक्रमका लागि पनि आवस्यक बजेट विनियोजन गरेको छु ।
- पालिका भरिका स्वास्थ्य चौकी र स्वास्थ्य इकाइका लागि आवस्यक बजेटको व्यवस्था गरेको छु । साथै काठेखोला गाउँपालिका भित्रका दीर्घरोगी निर्वाह खर्च श्रोत भर्नाका लागि रु. १० लाख रुपैयाँ बजेटको व्यवस्था गरेको छु ।
- लेखानी स्वास्थ्य चौकीको ट्रष्ट निर्माण एवम अन्य व्यवस्थापनका लागि रु. १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वयमसेविकाहरुका लागि मोवाईल सेवा एवम क्षमता अभिबृद्धिका लागि पनि आवस्यक बजेटको प्रवन्ध मिलाएको छु । साथै हरेक वडामा मुल संरक्षणका लागि पोखरी निर्माण तथा संरक्षणका लागि रु. १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु । त्यसैगरि दालेघाँस नर्सरी निर्माणका लागि समेत आवस्यक वजेट विनियोजन गरेको छु ।
- विपद पुर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गर्न, भुकम्प प्रतिरोधी घर तथा संम्रचना निर्माण सम्वन्धि तालिमका लागि आवस्यक वजेटको व्यवस्था गरेको छु ।
- काठेखोलाको सुन्दर पर्यटकीय क्षेत्र बेलढुंगाको पुर्वाधार निर्माणका लागि आवस्यक बजेट बिनियोजन गरेको छु ।
- जुनसुकै बेला, जहिले र जहाँसुकै जस्तोपनि बिपद आईपर्न सक्छन भन्ने कुरालाई ध्यानमा राखी **जहाँ बिपद त्यहाँ काठेखोला** को नारा लिई सञ्चालन गरिएको गाउँपालिका स्तरीय बिपद व्यवस्थापन कोष स्थापना गरिएको छ । उक्त कोषमा आगामी बर्षका लागि रु. १० लाख रुपैयाँ बिनियोजन गरेको छु ।

- जनप्रतिनिधि, कर्मचारी, मेलमिलापकर्ता, उपभोक्ता समितिका पदाधिकारीहरु र अन्य सरोकारवालाहरुका लागि क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिने छ जसको लागि आवस्यक बजेट बिनियोजन गरेको छु ।
- काठेखोला गाउँपालिकाको हरेक योजना, कार्यक्रम, विकास, र आर्थिक पारदर्शिपुर्ण सेवा प्रवाहलाई सुनिस्चित गर्न र गाउँपालिकाको हरेक गतिबिधिहरुलाई आम जनताको बिचमा पुराउनका लागि स्थानीय छापा एवम बिद्युतिय माध्यमद्धारा हाम्रो गतिविधि प्रकाशन एवम प्रशारणका लागि आवस्यक बजेटको व्यवस्था मिलाएको छु । साथै सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनको लागि पनि आवस्यक बजेट बिनियोजन गरेको छु ।
- काठेखोला गाउँपालिकाको सेवा प्रवाहलाई जनताको घरदैलोमा पुराउने अभिप्रायले सञ्चालन गरिने घुम्टी शिविर सञ्चालनका लागि आवस्यक बजेटको व्यवस्था मिलाएको छु ।
- स्थानीय सरकारका स्वरुप टोल टोलमा पुराउन टोल सुधार समिति गठन गर्न र घर नम्वर पहिचानका लागि स्टीकर कार्डका लागि समेत आवस्यक बजेटको प्रवन्ध मिलाएको छु ।
- काठेखोला गाउँपालिका भित्रका सार्वजनिक सम्पदाहरुको तथ्याङ्क संकलन गर्नका लागि आवस्यक बजेटको व्यवस्था मिलाएको छु ।
- आगामी आ.व.मा करको दायरा फराकिलो गरि राजस्व बृद्धि गर्न राजस्व अनुगमन र राजस्व संकन घुम्टी शिविर सञ्चालन गर्न आवस्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुमा सडक चिन्ह सुचना वोर्डका लागि आवस्यक बजेट व्यवस्था गरेको छु ।
- विपद व्यवस्थापन तथा प्रतिकार्यका लागि छिटो छरिटो र सहज बनाउन आवस्यक सामाग्री खरिदका लागि आवस्यक बजेटको व्यवस्था गरेको छु ।

*सभाअध्यक्ष ज्यु एवम गाउँसभा सदस्य ज्युहरु :*

अव म आर्थिक बर्ष २०७८/०७९ को यथार्थ खर्च र २०७९/०८० को संसोधित अनुमान र २०८०/०८१ को अनुमानित आय ब्यय विबरण यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।

| *क्र. सं.* | *आ.व.* | *चालु खर्च* | *पुजीगत खर्च* | *जम्मा खर्च* |
|---|---|---|---|---|
| १ | *२०७८/०७९ को यथार्थ खर्च* | ३२,८८,१०,३५० | १९,३९,९७,२७० | ५२,२८,०७,६२० |
| २ | *२०७९/०८० को संशोधित अनुमान* | ३४,७४,९३,२४३ | २८,०४,६५,०३६ | ६२,७९,५८,२७९ |
| ३ | *२०८०/०८१ को अनुमानित आय ब्यय* | ३६,१२,००,००० | २०,००,३४,००० | ५६,१२,३४,०००। |

यस काठेखोला गाउँपालिकाको आ.व.२०८०/०८१ को अनुमानित बार्षिक आय बिबरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | श्रोत | रकम रु. |
|---|---|---|
| १ | संघिय सरकारबाट बित्तिय समानिकरण अनुदान | ९ करोड ९७ लाख |
| २ | संघिय सरकार ससर्त अनुदान | ३० करोड ४२ लाख |
| ३ | संघिय सरकार विशेष अनुदान | १ करोड १५ लाख |
| ४ | संघिय सरकार समपुरक अनुदान | ५० लाख |
| ५ | संघिय सरकार राजस्व बाँडफाँड | *८ करोड ५० लाख ९६ हजार १००* |
| ६ | गण्डकी प्रदेश सरकार बित्तिय समानिकरण अनुदान | १ करोड ३० लाख ४४ हजार |
| ७ | गण्डकी प्रदेश सरकार राजस्व बाँडफाँड अनुदान | ६८ लाख ६२ हजार |
| ८ | मालपोत कार्यालयबाट बाँडफाड हुने घरजग्गा रजिस्ट्रेशन दस्तुर | ५ लाख |
| ९ | गाउँपालिकाको आन्तरिक आय | ७० लाख |
| १० | गण्डकी प्रदेश सरकार सशर्त अनुदान | ५० लाख |
| ११ | गण्डकी प्रदेश सरकार समपुरक अनुदान | *५० लाख* |
| १२ | *संचित कोषबाट अल्या हुने अनुमानित रकम* | *१ करोड ८३ लाख ३१ हजार ९००* |
| | ***जम्मा*** | ***५६ करोड १२ लाख ३४ हजार*** |

*सभाअध्यक्ष ज्यु, एवम उपस्थित गाउँसभा सदस्य ज्युहरु*

यस काठेखोला गाउँपालिकाको आ.व.२०८०/०८१ को अनुमानित बार्षिक व्यय बिबरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | व्यय विवरण | प्रस्तावित रकम |
|---|---|---|
| १ | सशर्त (चालु) | २९५२०० |
| २ | सशर्त (पूजिंगत) | ९००० |
| ३ | चालु तर्फको खर्च | ६६००० |
| ५ | मोसिनरी औजार/फर्निचर तथाफिक्चर्स | १००० |
| ६ | पुर्वाधार विकास | ७४३०९ |
| ७ | सामाजिक बिकास | ४६७२० |
| ८ | आर्थिक बिकास (कृषि, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी र वित्तिय क्षेत्र) | २६३५२ |
| ९ | सार्वजनिक सेवा तथा क्षमता विकास | ८९८६ |
| १० | वन, वातावरण तथा विपद व्यवस्थापन | ७१६७ |
| ११ | संघिय सरकार विषेश अनुदान रेश आधारभूत अस्पताल | ११५०० |
| १२ | संघिय सरकार समपुरकअनुदान बिहूँ सुलडाडाँ अक्षते लेखानी सेतीचौर देउराली सडक | ५००० |
| १३ | प्रदेश सरकार सशर्त अनुदान लामाङ्गी घुम्ती देखि काफलबोट धम्जाहुदै बेलढुङ्गा सडक स्तरोन्नती | ५००० |
| १४ | प्रदेश सरकार समपुरक अनुदान बा.न.पा ७ काप्रे धिमि पाला हुदै भिमापोखरा सडक स्तरोन्नती | ५००० |
| | जम्मा अनुमानित व्यय | ५६१२३४ |

*सभाअध्यक्ष महोदय*

*एवम उपस्थिति गाउँसभा सदस्य ज्युहरु*

काठेखोला गाउँपालिकाको आगामी आ.व.२०८०/०८१ को अनुमानित कुल आय ५६ करोड १२ लाख ३४ हजार रुपैयाँ मध्ये संघिय सरकारबाट प्राप्त सर्सत अनुदानका कार्यक्रमहरु देहायका शिर्षकहरुमा खर्च हुने गरि विनियोजन गरेको छु।

| *क.सं.* | *बिबवरण* | *रकम* |
|---|---|---|
| *१* | कृषि तथा पशु तर्फ | *६० लाख* |
| *२* | उद्योग तर्फ | *१३ लाख* |
| *३* | उर्जा तर्फ | *८ लाख* |
| *४* | शिक्षा तर्फ | *२३ करोड १२ लाख* |
| *५* | स्वास्थ्य तर्फ | *३ करोड ९७ लाख* |
| *६* | खेलकुद | *१ लाख* |
| *७* | सामाजिक सुरक्षा तथा रोजगार प्रवद्धन | *१ करोड ३ लाख* |
| *८* | झोलुंगे पुल तर्फ | *४० लाख* |
| ***जम्मा*** | | *३० करोड ९२ लाख* |

*सभाअध्यक्ष ज्यु एवम उपस्थित गाउँसभा सदस्य ज्युहरु*

माथी क्षेत्रगत रुपमा उल्लेखित बजेटलाई गाउँपालिकाबाट गौरब र वडाबाट सिफारिस भइ आएका योजनाहरु र गाउँपालिकाबाट सबै वडामा सञ्चालन हुने साझा योजनाहरुको बिस्तृत बिबरण अनुसुचीमा उल्लेख गरिएको छ।

सभाअध्यक्ष ज्यु

अन्तमा यस काठेखोला गाउँपालिकाको आ.व.२०८०/०८१ को योजना तथा कार्यक्रमहरु सफल, सार्थक र उत्साहजनक कार्यान्वयनको लागि सवैको सक्रिय सहयोग एवं भूमिकाको अपेक्षा गर्दछु । हाम्रा हरेक योजना तथा कार्यक्रमहरुलाई विकास, परिवर्तन र सम्वृद्धि संग जोड्न र सबै योजना तथा कार्यक्रमहरुमा जनसहभागीता बढाउन बिशेष ध्यान दिनुहुन हार्दिक अनुरोध गर्दछु । योजना तथा कार्यक्रम कार्यन्वयनका सबै चरणहरुमा अनुगमन तथा मुल्यांकनलाई थप प्रभावकारी बनाउनुपर्ने आवस्यकता पनि उत्तिकै छ । काठेखोला गाउँपालिकाको बजेट कार्यक्रम कार्यन्वयनमा सवैबाट सक्रियताका साथ सहयोगका लागि सम्पुर्ण जनप्रतिनिधि, समस्त राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका नेता तथा कार्यकर्ताहरु, सामाजिक अभियान्ताहरु, बिज्ञ एवम बिद्धान व्यक्तित्वहरु, एवम आम काठेखोलाबासी आमावुवा दाजुभाई तथा दिदीबहिनीहरुको दरिलो साथ, सक्रियता र उत्साहजनक सहभागीता रहने छ भन्ने आशा एवम विश्वास गरेको छु। धन्यबाद।

*१० असार २०८०*

...........................

**तेज बहादुर थापा**

(उपाध्यक्ष)

काठेखोला गाउँपालिका